# हँसपुर नगरपालिकाको नगर प्रमुख श्री रामज्ञान मंडल ज्यू बाट आ.व. २०७७।०७८ को छैठौं नगर सभामा प्रस्तुत गरिएको  नीति तथा कार्यक्रम

<u>२०७७।०३।१० गते</u>

सम्मानित नगरसभाका उपप्रमुख श्री रेणु देवी झा ज्यू,
वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु,
नगर सभा सदस्यहरु,
नगर सभा सचिव लगायत राष्ट्रसेवक सम्पुर्ण कर्मचारीहरु,

हंसपुर नगरपालिका र स्वयं आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन टुक्रयाउन चाहन्छु ।

बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा उभिई रहँदा मुलुकको प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय लोकतान्त्रीक गणतन्त्र राज्य स्थापना सम्मका बलिदानीपुर्ण आन्दोलनहरु र मधेश आन्दोलनमा त्यागका साथ प्राण उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै आन्दोलनका घाईते भएका नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस नगरको अगामी नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा नगरको समग्र क्षेत्रको ऐन नियम तथा संस्थागत व्यवस्थाहरु पूर्ण भईनसकेको यस घडीमा आफुले जनता समक्ष गरेको प्रतिवद्धता र जनमतको कदर गर्दै सिमित स्रोत साधनका वाबजुद पनि विकासका सबै क्षेत्रहरुलाई  संम्बोधन गर्ने प्रयत्न गर्दै  नगरको साधन श्रोतलाई सन्तुलित एबं न्यायोचित ढंगबाट वितरण गर्न हरसम्भव प्रयास गरेको छु ।

प्रचुर धार्मिक एवं पर्यटकिय सम्भावना बोकेको हंसपुर नगरपालिकाको अत्याधिक संभावनायुक्त बकचौडा, हंसपुर, सुगानिकास, प्रसाही र बालगंगा लगायत अन्य बजारका साथै कृषि उत्पादनयुक्त भु-भागहरु, उत्पादनको लागि बजारहरु संगै निकटता र साना तथा घरेलु उधोगको सम्भावनाका साथै शहरोन्मुख रहेको यस हंसपुर नगरपालिका क्षेत्रका विशेषता र सम्भावनाका बाहकहरु भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

हाम्रो नगर कृषिमा व्यवसायीकरण तथा औधोगीकरण, सास्कृतिक, धार्मिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सबल सम्भावना भएता पनि नगरको समग्र आर्थिक, सामाजिक विकास र प्रकृयालाई अघि बढाउन हाम्रा सामु थुपै चुनौति रहेका छन् । संघीयताको अभ्यास गरिरहेको हाम्रो मुलुकले अहिले '**राष्ट्यि समृद्धि'** लाई एकमात्र मुल मन्त्र बनाएर अघि बढिरहेको छ । यसका लागि विकासको क्रममा पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्नु, स्थानिय स्तरमा रोजगारीका अवसरहरु बृद्धि गरी युवा जनशक्तिलाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने आशाको संचार गराउनु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नु, कृषि पेशालाई अशिक्षित र गरिबको पेशाबाट सम्मानित पेशाको रुपमा रुपान्तरण गरि युवाहरुको संलग्नतालाई प्रोत्साहित गर्नु, उपलब्ध साधन श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्नु स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्नु आदि विकास प्रकृयाका विद्यमान चुनौतीहरु हाम्रा सामु

छन, यस मध्ये पनि हाम्रा लागि सबै भन्दा ठुलो चुनौति भनेको हाम्रो मानसिकतामा रहेको जातपात, छुवाछुत र भाग्यवाद चिन्तन नै **समृद्धि** का यात्रामा मुख्य बाधकका रुपमा रहेको हुँदा यसका लागि सचेतना कार्यक्रमलाई बिषेश जोड दिनुपर्ने आवश्यकता मैले देखेको छु ।

आदरणीय नगरसभा सदस्य ज्यूहरु,

स्थानिय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिले पदभार ग्रहण गरेपछि नगरबासीले अपेक्षा राखेको **"तिब्र बिकास र शिघ्र सेवा"** कतिपय नीतिगत अष्पष्टता र स्थानिय तहलाई प्रदान गरिएको जिम्मेवारी अनुसारको संस्थागत प्रबन्ध नहुँदा सन्तोषजनक रुपमा अघि बढन नसकेको स्थिति हामी सबैले अनुभब गरेकैछौ । यसका लागि संविधानले स्थानिय तहलाई एकल अधिकार अन्तर्गत तोकिएका २२ वटा बिषयहरुमा अगामी आ. व. भित्र कानून निर्माण गरि कार्यन्वयनमा ल्याउने र दक्ष जनशक्ति सहितको संस्थागत व्यवस्था मिलाउन हामी सबै लागि पर्नुको सट्टा अर्को विकल्प नभएको व्यहोरा ँयहाहरु समक्ष राख्न चाहन्छु ।

प्रस्तुत अगामी आ.व. को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधानको भावना, नेपालको पन्ध्रौ योजनाले परिलक्षित गरेका मार्गदर्शन, स्थानिय सरकार संचालन ऐन २०७४ ले गरेको दिशा निर्देशन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, दिगो बिकासका सूचकहरुले निर्धारण गरेका क्षेत्रहरु, नेपाल सरकारबाट अगामी आ.ब.का लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम, प्रदेश सरकारबाट प्रस्तुत नीति तथा कार्यक्रम र हाम्रा कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझाबहरुलाई नै प्रमुख आधार मानी आगामी आ. व.२०७७/०७८ को वार्षिक नगर बिकास योजना तर्जुमा गर्दा लिईने नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको क्षेत्रगत **नीतिहरु** संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# राजस्व परिचालन एवं श्रोत अभिवृद्धि

१. करको दायरा बढाई बढी भन्दा बढी व्यवसायलाई कर तिर्न प्रोत्साहन गर्न हँसपुर नगरपालिका सबै वडामा **करदाता शिक्षा कार्यक्रम** संचालन गरी राजश्व अभिवृद्धि गर्न वडा कार्यालयबाटै कर, शुल्क र दस्तुर बुझाउन सकिने व्यवस्था मिलाइनेछ ।

२. राजश्व असुली कार्यलाई पारदर्शी सरल र सूचनामैत्री बनाउन नगरका **९ वटै वडामा कम्प्युटर सफ्टवेयर** जडान गरिने छ । जसबाट जुनसुकै समयमा राजश्वको अवस्था बारे सूचना प्राप्त गर्न सकिने छ ।

३. यस नगरपालिकामा दर्ता नभएका व्यवसाय संचालन गरी आएका व्यवसायीहरुलाई करको दायरा भित्र ल्याउन अगामी आ.व.को साउन महिनामा ९० दिनको सूचना जारी गरिने छ ।

४. कर प्रणालिलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यापार व्यवसायीहरुको प्रतिनिधिमुलक संस्था स्थानीय  व्यापार संघ सँग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिईनेछ ।

५. वार्षिक पेशा व्यवसाय कर र वहालकर असुली कार्यलाई थप प्रभावकारी बनाउन वडा समिति र टोल विकास संस्थाहरुलाई परिचालन गर्ने तथा थप जिम्मेवार बनाउने नीति लिईनेछ ।

६. हँसपुर नगरपालिका क्षेत्रमा कुनै व्यक्ति वा संघ संस्थाले भवन, जग्गा, गोदाम, सेड आदि बहालमा लगाएका धनीहरुलाई करको दायरामा ल्याई वहाल अंकको १०% वहालकर अशुल गर्न नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयलाई कृयाशिल बनाईने छ ।

७. सम्पत्ति कर, पेशा व्यवसाय कर, घर वहाल कर, मनोरंजन करलाई पारदर्शि र प्रभावकारी बनाउन आवश्यक्ता अनुसार कार्यविधि बनाई व्यवस्थित गरिनेछ । साथै यस पालिकामा संचालनमा रेहका र अगामी दिनमा संचालन हुने केबुल संचालक र डिस होम विक्रेता डिलरहरुसंग समन्वय गरी प्रत्येक केवुल संचालकबाट ग्राहक संख्याका आधारमा मासिक रुपमा मनोरंन्जन कर लिने व्यवस्था मिलाईनेछ ।

.

८. यस नगरपालिकाको स्वामित्वमा रहेका र नगरपालिकाले संरक्षण र परिचालन गर्न सक्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी यसलाई राजश्व आम्दानी गर्ने माध्यमका रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतहरुको परिचालन गर्दा पारदर्शी प्रतिस्पर्धात्मक पद्दतिको प्रकृर्यालाई अवलम्बन गरिनेछ ।

९. यस नगरपालिका क्षेत्रका प्रत्येक घर व्यवसाय भवन, विद्यालय, रेष्टुरेन्ट, होटल, थोक व्यापारी, फलफुल तथा तरकारी व्यवसायी र अन्य फोहरमैला उत्सर्जन गर्नेहरुबाट राजश्व परामर्श समितिको सिफारिशमा नगर कार्यपालिकाले तोकिए बमोजिमको दरमा फोहरमैला व्यवस्थापन शुल्क लिने नीति निर्माण गरि लागु गरिनेछ ।

१०. विशेष परिस्थितिमा उल्लेखित कर, शुल्क, दस्तुर आदिका दररेटहरुमा कार्यन्वयनको समस्या आएमा आगामी नगर सभाबाट अनुमोदन गराउने गरि नगर कार्यपालिकाबाट कर शुल्क, दस्तुर आदिका दरहरुमा आवश्यक्ता अनुसार हेरफेर गर्न सकिनेछ ।

११. वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई नगरपालिकाबाट आयोजना गरिने कुनै सार्वजनिक समारोहमा विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।

१२. नगरपालिकाबाट उपलब्ध गराईने सेवा सुविधाका कार्यहरुलाई राजश्व चुक्ता प्रणलीसँग आवद्ध गरिनेछ ।

१३. कर संकलन कार्यमा संलग्न कर्मचारी पदाधिकारीहरुलाई प्रोत्साहीत गर्न वार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट उत्कृष्ट योगदान गर्ने कर्मचारी तथा पदाधिकारीलाई नगर कार्यपालिकाको निर्णयबाट प्रोत्साहन पुरस्कार तथा सम्मानको व्यवस्था गरिने छ ।

१४. यस नगरपालिका क्षेत्रमा पटके पसल बजार तथा अन्य सार्वजनिक सम्पत्तिको नगरपालिका बाहेक अरु संघ संस्था तथा निकायहरुबाट पनि ठेक्का बन्दोबस्त गरी सोको आम्दानी लिने गरेको पाईएकोले त्यस्तो ठेक्का पट्टालाई रोक लगाई सम्पूर्ण आम्दानी नगरपालिकामा दखिला हुने गरी एकद्वार प्रणालीबाट राजश्व  परिचालन गर्ने निति लिइने छ

१५. नगर क्षेत्रमा रहेका सार्बजनिक भवन, जग्गा, पोखरी, हाटबजार लगायत सम्पूर्ण सार्बजनिक सम्पत्ति खोजबिन गरी नगरपालिकाको स्वामित्वमा ल्याई अभिलेखिकरण गरि सार्बजनिकिकरण गरिनेछ ।

१६. नगरपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फको कर, शुल्क, दस्तुरहरुको दर रेट नबढाई सबै करदातालाई समेटी करको दायरा फराकिलो बनाई सामाजिक न्याय सुनिश्चित गरिने छ ।

१७. कर दाताको सहभागितामा राजश्व अभिवृद्धि गरी कुल बजेटको अशंमा आन्तरीक आम्दानीको अंश प्रत्येक वर्ष वृद्धि गर्दै लगिने छ ।

१८. स्थानीय तहलाई प्राप्त आर्थिक अधिकार अन्तर्गत परिचालन गरिने राजश्व सम्बन्धि संरचनागत व्यवस्थालाई सुढृढ तुल्याई आन्तरीक राजश्व परिचालन कार्यलाई प्रभावकारी बनाईनेछ ।

# आर्थिक विकास सम्बन्धि

१. कृषिको उत्पादन बढाई कृषकका जिवनस्तर बढाउन नगरस्तरीय **कृषि नीति, भुउपयोग नीति र सहकारी सम्बन्धि नीति** निर्माण गरि कार्यन्वयन गरिनेछ ।

२. माटोको उर्वरशक्तिलाई जोगाई राख्न रासायनीक मल तथा विषादिको प्रयोगलाई निरुत्साहीत गरी आर्गेनिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

३. हँसपुर नगरपालिका क्षेत्रलाई नेपाल सरकारबाट **माछा सुपरजोन तथा धान जोन**  क्षेत्रका रुपमा विकास गर्न लिएको नीति अनुसार सोका लागि आवश्यक पर्ने पुर्वाधारको विकास गर्दै माछा तथा उन्नत किसिमका धानका बिउहरुमा तोकिएको सरकारी दरमा ५०% अनुदानका लागि अगामी आ.व. देखि रकम विनियोजन गरिनेछ ।

४. विषाधि न्यूनिकरण गर्न कृषकको सचेतनाका लागि नगरपालिकाका विभिन्न क्षेत्रमा कृषक पाठशाला संचालन गरिनेछ

५. स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुका साथै सहकारीलाई समाजको आधारभुत तहसम्म विस्तार गरि आार्थिक सामाजिक रुपान्तरको आधार निर्माण गर्ने तर्फ कदम बढाईनेछ ।

६.. **पशु खोप कार्यक्रम, पशु गोठ व्यवस्थापन पशु आहारा जस्ता कार्यक्रम** कृषि ज्ञान केन्द्र सँगको प्राविधिक सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

७.. निर्वाहमुखी कृषि प्रणालीलाई **व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई आधुनिक व्यवसायिक कृषि** प्रणालिमा रुपान्तरण गर्न जोड दिइनेछ ।

८.. प्रदुषित कृषि उपजको उपभोगबाट आफू जोगिई र अरुलाई पनि जोगाउन "**प्राङ्गारिक उपजको प्रयोग गरौ**" भन्ने नारा अभियानका रुपमा सञ्चालन गरिनेछ ।

९.. कृषकहरुलाई आवश्यक्ता अनुसार **व्यवसायिक कृषि तालिमको** लागि विशेष जोड दिईनेछ ।

१०. सार्वजनिक जग्गा तथा नदि किनारामा आयमुलक **बृक्षारोपण तथा फलफुलका** बिरुवा रोपि आम्दानी गर्न प्रोत्साहीत गर्ने नीति लिईनेछ ।

११. उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि उपभोग्यबस्तु गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धि गराउने र नियमित बजार अनुगमन तथा नियमन प्रणालिको विकास गरिनेछ । साथै **बजार अनुगमनलाइ** व्यवस्थित गर्न निर्देशिका बनाइ लागु गरिने छ ।

१२. **स्वस्थ्य, स्वच्छ मासुको विक्रि वितरण** गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याईनेछ ।

१३. **दुग्ध व्यवसायलाई प्रवर्द्धन** गर्न पशुपालक कृषकलाई प्रोत्साहीत गरिनेछ ।

१४. स्थानिय श्रोत साधन एवं जनशक्ति परिचालन गरि स्थानीय स्तरमा रोजगारी सृजना गर्ने साना तथा घरेलु उधोगहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

१५. कालोबजारी नियन्त्रण गर्न स्थानीय व्यपार संघ, वडा कार्यालय, टोल विकास संस्थाहरुलाई सहभागी बनाई अनुगमन संयन्त्र निर्माण गरिनेछ र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई दण्डीत गर्ने निती लिईनेछ ।

१६. नगर क्षेत्र भित्र रहेका ऐतिहासिक, पुरातात्विक स्थल तथा पर्यटन क्षेत्रहरुको संरक्षण संवर्द्धन गरि त्यसको प्रचार प्रसार गर्दै त्यसबाट आय आर्जन र रोजगारी श्रृजना गर्ने नीति लिईनेछ ।

१७. नगर भित्रका संम्पुर्ण सहकारीलाई सहकारीको मर्म तथा सिद्धान्तबारे जानकारी गराउदै गाँउ गाउँमा सहकारी घरघरमा रोजगारीको नारालाई वडा तह सम्म लागु गरिने छ ।

१८. युवा स्वरोजगार, लघुवित, सामुहिक कर्जा, शैक्षिक कर्जा र वैदेशिक कर्जा क्षेत्रमा वितिय क्षेत्रलाई लगानी गर्न अनुकुल वातावरण श्रृजना गर्ने नीति लिईनेछ ।

१९. वित्तिय संघ संस्थासंग समन्वय गरि सामाजिक उत्तरदायित्व अन्तर्गत तोकिएको क्षेत्रमा सहुलियत ब्याजमा लगानी गर्न प्रेरित गरिन्छ ।

२०. अनुत्पादक खर्चको कटौती र उत्पादक क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ ।

२१. नगरमा औद्यौगिक मैत्री बातावरण श्रृजना गरि रोजगारी श्रृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री बातावरण श्रृजना गर्ने नीति लिईन्छ ।

२२. नगरका युवाहरुलाई प्राविधिक शिपयुक्त तालिम दिई रोजगारीका लागि क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गने नीति लिईनेछ ।

२३.. कृषि तथा पशुपंक्षिपालनमा देखिएको बढदो महिला सहभागितालाई प्रोत्साहन गर्दै उहाँहरुको सशक्तिकरणका लागि आवश्यक तालिम तथा साना व्यवसाहिक महिलामुखि कार्यक्मरहरु संचालनमा ल्याईनेछ ।

२४ कृषि सहकारी

- कृषिमा यान्त्रित उपकरण लगायत सहुलियत
- विना धितो ऋणको व्यवस्था
- कृषि क्षेत्रको सम्भवना अध्ययन
- माटो परीक्षण गर्ने

- ➢ अनिवार्य कृषि बिमा
- ➢ सामूहिक कृषि फारम
- ➢ नमूना कृषि फारम
- ➢ कृषिमा व्यवसायीकरण र आधुनिकरण
- ➢ एक वार्ड एक उत्पादक कार्यक्रम ल्याउने
- ➢ कृषि सिंचाईको उचित व्यवस्थापन

## पूर्वाधार तथा भौतिक विकास

१. पछिल्लो समयमा स्थापना भएका नगरपालिकाहरुमा भौतिक संरचनाको अभाव देखिएको तर विकासको सबै क्षेत्रको ढोका भौतिक विकासको पुर्वाधारबाटै खोलिने हुदाँ आगामि आ.व.को मुल नारा नै **"नगरमा पर्याप्त भौतिक पुर्वाधार, कृषि उधोग संमृद्धिको आधार"** राखि भौतिक पुर्वाधारको विकासमा विशेष जोड दिने नीति लिईनेछ ।

२. **''हाम्रो सडक हाम्रो सहभागीता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता''** भन्ने नारा अनुरुप नगरक्षेत्रभित्रका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाईप सहित ग्राभेल सडकमा स्तरउन्नति गरिनेछ ।

३. गत विगत सालका अधुरा क्रमागत योजनाहरुलाई र विषयगत कार्यालयबाट वितिय हस्तारण भई आएका अधुरा योजनाहरुलाई उच्च प्राथमिकतामा राखि सम्पन्न गराउने नीति लिईने छ ।

४. हँसपुर नगरपालिकाको हाल कायम भएको भौगोलिक क्षेत्र अनुसार अगामी बर्ष भित्र **नगर यातायात गुरुयोजना (MTMP) निर्माण** गरि चाडै कार्यान्वयन गरिनेछ ।

५. **आवधिक नगरविकास योजना, भु उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, सडक मापदण्ड,भवन निर्माण मापदण्ड र एकिकृत शहरी विकाश योजना** शिघ्र तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

६. नगरस्तरीय योजना छनौट गर्दा दीर्घकालीन रुपमा प्रभावकारी हुने योजनालाई छनौट गरी कार्यान्वयन गरिनेछ ।

८. **"सबै खुसी, सबै उज्यालो"** कार्यक्रम सहितको अभियान संचालन गरि बिधुत सुबिधा उपलब्ध नभएका बस्ति तथा नगरका चोकगल्लीहरुमा प्राथामिकता साथ सडक बिधुतिकरण गर्ने नीति लिईनेछ ।

९. हँसपुर नगरपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना निर्माण गरि नगरको गौरवमय धार्मिक पर्यटकिय स्थलको रुपमा प्राथामिकतासाथ विकास गर्दै लगिन्छ ।

१०. आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा **होर्डिगं बोर्ड** राख्न लगाईनेछ ।

११. नगरको गौरवको रुपमा रहेको सार्वजनिक पोखरीको वरिपरि डिललाइ पार्कको रुपमा सुधार र संरक्षण गर्ने नीति लिईन्छ ।

१३. संभव भए सम्म भविष्यमा **''एक वडा एक गौरव योजना''** कार्यक्रम अन्तर्गत प्रत्येक वडामा कम्तीमा ५० लाख लागतको एक योजना अगामी आ.व. मा पहिचान गरि कार्यान्वयन गर्ने निति लिईनेछ ।

१४. नगर क्षेत्रमा रहेका **मन्दिर तथा मस्जिद हरुको आवस्यक पुर्वाधार निर्माण** गरी पर्यटकिय क्षेत्रका रुपमा विकास गरिनेछ ।

१५. **“एक वडा एक खेल मैदान”** को अवधारणा अनुरुप नगर क्षेत्रमा रहेका ऐलानी सार्वजनिक जग्गालाई संरक्षण गरि खेलकुद मैदान तथा पार्ककारुपमा बिकास गरिनेछ ।

१६. अव्यबस्थित हाटबजारलाई व्यबस्थितढंगबाट संचालन गर्न आवस्यक भौतिक पूर्वाधारमा सुधार गरिनेछ ।

१७. वडा कार्यालयहरुलाई वडा सेवा कन्द्रकारुपमा बिकास गर्न तथा वडा कार्यालय मार्फत गरिने कार्यलाई प्रभावकारीरुपमा सम्पादन गर्न कार्यालय भवन निर्माण गर्न निशुल्क जग्गा उपलब्धताका लागि प्रयत्न गरिने र जग्गा उपलब्ध भएमा सर्भे, लागत अनुमान, ड्रईङ्ग डिजाईनको कार्यलाई अगाडि बढाईने र श्रोत भ्याए सम्म भवन निर्माणका लागि बजेट बिनियोजन गरिनेछ ।

१८. हँसपुर नगरपालिकाको **पच्चिस बर्षे दिर्घकालिन सोच सहितको पन्चवर्षिय आवधिक विकास योजना** तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

१९. पुर्वाधार बिकासकालागि जनसहभागिता र जनपरिचालनमा आधारित कार्यक्रमलाई प्राथामिकतासाथ कार्यान्वयनमा जोड दिईनेछ । नगर क्षेत्रमा उपभोक्ता मार्फत संचालन हुन आयोजनामा कम्तीमा १० प्रतिशत उपभोक्ताको तर्फबाट श्रमदान जुटाउने नीति लिईएकोछ ।

२०. वडाबाट प्राप्त भएका **सम्पुर्ण योजनाहरुको (project Bank)** बनाई क्रमसः कार्यन्वयन गरिने नीति लिईनेछ ।

२१. यस नगरपालिकाको पहिचान स्थापित गर्नका लागि निर्माण गर्न सार्बजनिक निजी क्षेत्रको प्रबर्द्वन गर्ने नीति लिईनेछ ।

२२. विकास व्यव्स्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित बिकास गर्ने नीति अवलम्बन गरिनेछ । सोहि अवधारण अनुरुप जनसंख्या,क्षेत्रफल ,बिकासको अवस्था,आन्तरिक आयमा योगदान, जस्ता सूचकका आधारमा वडास्तरिय श्रोतसाधनको बाडँफाड गर्ने नीति अवलम्बन गरिएको छ ।

२३. नगर क्षेत्रमा पुर्वाधार निर्माण गर्दा **महिलामैत्री, बालमैत्री, अपाङ्मैत्री र बाताबरण मैत्री** गर्ने नीति लिईनेछ

२४. भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभाबकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभाबकारी बनाईनेछ ।

२५. उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफरक भएपछि दिर्घकालसम्म आयोजनाको संचालन,व्यवस्थापन र मर्मत संम्भारमा स्वयं उपभोक्तालाई नै जिम्मेवार बनाउने नीति लिईनेछ । साथै ससाना मरमत संम्भारकालागि वडास्तरमै मर्मत संम्भार कोषको स्थापना गर्ने नीति लिईनेछ ।

२६. नगरको पहिचान दिने, रोजगारी र स्वरोजगारी श्रृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्युनिकरण एवं समावेशी विकासबाट समाजिक विभेद कम गर्दै जाने नीति लिईनेछ ।

२७. नगरमा गरिने सार्वजनिक निर्माण कार्यहरुमा उच्चस्तरको गुणस्तर कायम गर्ने नीति लिईनेछ । सार्वजनिक निर्माण कार्यहरु गुणस्तर भए नभएको अनुगमन गर्न नगर प्रमुखको संयोजकत्वमा अनुगमन समिति रहनेछ ।

२८. नगरपालिका क्षेत्रभित्र सानातिना पुल कल्भर्ट निर्माण र नाली सहितको सडक निर्माण कार्यलाई प्राथमिक्ता दिईनछ ।

२९. शहरी विकास मन्त्रालयसंगको सहकार्यमा दिर्घकालिन दृष्टिकोण सहित नगरको समग्र शहरी विकासको खाका तयार गरि कार्यन्वयनका लागि **बृहत्तर शहरी विकास गुरुयोजन** तर्जुमा गरिनेछ ।

३०. बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्डको परिधीभित्र रहेर घर नक्सा पास गर्ने कार्यलाई व्यवस्थित तुल्याईने नीति लिईनेछ। साथै मापदण्ड आउनुभन्दा पहिला बनिसकेको घरहरुलाई अभिलेखिकरण गर्न कार्यविधि बनाइ व्यवस्थित गरिनेछ।

३१. भवन निर्माणमा एक घर दुई रुखको नीति अवलम्ब गरिनेछ। भवन निर्माण सम्पन्न प्रमाणपत्रको लागि उक्त घरको परिसरमा रुख बिरुवा रहेको फोटो अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

३२. नगरपालिकाले शहरीविकास मन्त्रालय संग समन्वय गरि व्यवस्थित बसोवासको लागि LAND POOLING कार्यक्रमलाई संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ।

३३. कृषि क्षेत्रको पुर्वाधार विकासको लागि पर्याप्त ध्यान दिईनेछ।

३४. नगरक्षेत्रमा रहेका सडकहरुको RIGHT OF WAY, लम्बाई, सडकको नामाकंन समेत गरि प्रवेश बिन्दुमा होर्डिङ्ग बोर्ड राखिनेछ।

३५. यस हँसपुर नगरपालिका अन्तर्गत रहेको सम्पूर्ण सार्वजनिक सम्पति तथा बौद्धिक सम्पतीको प्रचलित ऐन बमोजिम नगरपालिकाको मातहतमा ल्याइ व्यस्थित गरिने छ।

३६. हँसपुर नगरपालिकाको विभिन्न वस्ती टोल र वडाहरुलाई जोडन **चक्रपथ**(Ring Road)को अवधराण लिइ विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार गरी शहरी विकास मन्त्रालय संग सहकार्य गरी लागु गर्ने निती लिइनेछ।

## बातावरण तथा विपद व्यवस्थापन

१) यस नगरपालिकामा **विपद व्यवस्थापनका** लागि एउटा बलियो आकस्मीक कोषको स्थापना गरि प्रत्येक वर्ष बृद्धि गरिदै लगिनेछ। कोषको संचालन र ब्यबस्थापनका लागि कार्यबिधि निर्देशिका बनाई लागु गरिनेछ।

२) नगरपालिकामा स्थानीय विपद व्यवस्थापन समितिको गठन भइ विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखीम न्युनिकरण तयारीको कार्ययोजना निर्माण गरिनेछ। भविष्यमा विपद न्युनिकरणको लागि पुर्वसुचना प्रणाली सम्बन्धी कार्यक्रम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ।

३) नगरलाई वातावरण मैत्री हरित नगरको रुपमा विकास गर्न बृक्षारोपन तथा वनबुटानको संरक्षण गरि हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिईनेछ।

४) विपदको अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा कामगर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरि स्वयं सेवक र उद्धार राहत सामग्रीहरुको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ।

५) यस नगरपालिका क्षेत्र भित्र विभिन्न संघ संस्था द्वारा संचालित एम्बुलेन्स सेवालाई व्यवस्थित गर्न समन्वय गरिनेछ।

६) भुकम्प लगायत अन्य प्रकोप जस्ता प्राकृतिक विपतीको अवस्थाका लागि **"एक टोल एक खुल्ला क्षेत्र"** को अवधारणा अनुसार खुल्ला क्षेत्रको पहिचान गरि खुल्ला क्षेत्रको रुपमा तोकिनेछ र त्यस्तो क्षेत्रमा कुनै किसीमको निर्माणकार्य गर्न रोक लगाईनेछ।

७) नगरका ९ वटै वडा कार्यालयहरुमा फोहरमैला सम्बन्धी नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ र सबै वडाहरुमा **वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समिति** गठन गरि सक्रिय तुल्याईनेछ।

८) सार्वजनिक सडक, नाली र खुल्ला स्थानहरुमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाही गरि जरिवान गरिनेछ ।

९) फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा **सार्वजनिक नीजि साझेदारी** (**PPP**) को अवधारणा अनुसार सःशुल्क फोहर व्यवस्थापनको नीतिलाई अगाडी बढाईनेछ ।

१०) हँसपुर नगरपालिका क्षेत्रे **POST**ODF कार्यक्रमलाई अभियानका रुपमा संचालन दातृ निकायसंग समन्वय गर्ने लक्ष्य राखिएको छ ।

११) घना बजार क्षेत्रमा सार्वजनिक **शौचालय निर्माण** गर्न प्राथमिक्ता दिईनेछ ।

१२) फोहरमैलालाई उत्पादन तहमै वर्गिकरण गरि जैविक र अजैविक (सड्ने र नसडने) छुटाछुटै संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

१३) जैविक फोहरबाट घरमै कम्पोष्ट मल बनाई प्रयोग गर्न उत्प्रेरित गरिनेछ ।

१४) नगरमा खुल्ला आयोजनाहरु संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्याकंन (IEE, EIA) को अध्ययन गरिनेछ ।

१५) हरित शहर निर्माण गर्न वातावरण शिक्षा, वातावरण संग सम्बन्धीत संदेशमुलक सामग्री उत्पादन, प्रचार प्रसार वातावरणीय सरसफाई, वातावरणमैत्री प्रविद्धिको प्रयोग गर्न प्रोत्साहन गर्न नीति लिईनेछ ।

१६) स्थानीय संघ संस्था क्लबहरु संग सहकार्य गरि हरेक वडामा सम्भव भए सम्म शारिरीक व्यायम खेलकुद र मनोरंजन गर्ने खालका मैदान एवं पार्क उद्धान निर्माण र संचालन गर्ने नीति लिईनेछ

१७) वन तथावातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड प्रतिकुल हुने प्लाष्टिकको झोला प्रयोगमा प्रतिबन्द्ध लगाईनेछ र नगरलाई प्लाष्टिकमुक्त नगर क्षेत्र बनाउने नीतिलाई अगाडी बढाईनेछ ।

१८) वातावरणमैत्री स्थानीय शासण EFLG अवधारणाका सुचकहरुलाई कार्यन्वयन गर्दै नगरलाई वातावरणमैत्री नगर बनाउने नीति लिईनेछ ।

१९) जलवायु अनुकुलन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२०) हँसपुर नगरपालिकालाई **ग्रीन एण्ड क्लीन सिटीको** रुपमा स्थापित गर्न सार्वजनिक जमिन, नदी तथा सडक किनारामा बृक्षारोपण गर्ने र एक घर दुई बिरुवाको अभियानलाई टोल विकास संस्थाहरुको जिम्मेवारीमा प्रभावकारी कार्यान्वयन गरि प्रदुषण मुक्त नगर बनाउने नीति लिईनेछ

२१) बन बिउ नर्सरी, बगैचा, नीजि पार्क उद्धान तथा व्यवसायिक बन स्थापना गर्नलाई प्रोत्साहित गरिनेछ ।

२२) भु-उपयोग योजना कार्यन्वयनमा जोड दिनेछ, साथै विस्थापित क्षेत्रलाई समेटिने छ, खेती योग्य जमिनलाई प्लटिङ्ग गर्न निरुतसाहित गरिनेछ ।

२३) सार्वजनिक पर्ती जग्गाको संरक्षण गर्न वडा समिति र समुदायलाई सहभागीता गराई उत्तरदायी बनाईनेछ ।

२४) सरुवा रोग, डिङ्गो, लु तथा शितलहर जस्ता रोगहरुबाट बच्न जनचेतनामुलक कार्यक्रमहरुं प्रचार प्रसारका रुपमा संचालन गरिनेछ र किटजन्य रोगहरु नियन्त्रण गर्न आवश्यकता अनुसार किट नियन्त्रण र नष्ट

२५) गरिनेछ ।

२६) मुख्य मन्त्री विपद व्यावस्थापन कार्यक्रमलाई यस आ.व.देखी लागु गरिनेछ

२७) बिपद व्यवस्थापन

- विपद व्यवस्थापन कोष

- ➢ विपन्न परिवारलाई पहिचान गरी राहत उपलब्ध गराइने छ ।
- ➢ क्वारेन्टिनको उचित व्यवस्थापन गरिने छ ।
- ➢ विपद पीडितहरुलाई राहत निति लिनेछ ।
- ➢ अस्थाई बास स्थानको लागी पुर्वधार निर्माण गर्ने निति लिनेछ ।

## वितिय व्यवस्थापन सम्बन्धी

१) नगरपालिकाको नाममा दैविक प्रकोप विपत व्यवस्थापन कोषको स्थापना गरी सो उद्देश्य अनुसार रकम अभिवृद्धि गरि लक्षीत वर्गको हितमा बढि प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ ।

२) हँसपुर नगरपालिकाको सबै वडाहरुबाट राजश्व संकलन लगायतका कार्यहरु अगाडी बढाउन वडाका कार्यालयहरुलाई कम्प्यूटरको माध्यमबाट संचालन गरि सुचना प्रविधिमैत्री बनाउन आवश्यक साधन उपलब्ध गराई क्षमता विकासको लागि तालिमको व्यवस्था मिलाईनेछ ।

३) हँसपुर नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरि कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ ।

४) नगरपालिकाको वित्तिय कारोबारलाई कम्प्युटिकृत गरि थप व्यवस्थित गरिने छ, ।

५) वडास्तरबाट संकलन हुने राजश्वलाई INTERNET कम्प्यूटर प्रणालीबाट नगरपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराई व्यवस्थित बनाईनेछ ।

६) नगरपालिकाको करको दायरा फराकिलो बनाउदै समग्र नगरको राजश्व अभिवृद्धि गर्ने कार्यमा टोल विकास संस्था र व्यापार संघलाई परिचालने गरिनेछ, टोल विकास संस्थाले गरेको योगदानको आधारमा प्रोत्साहन र पुरस्कृत गर्ने नीति लिईनेछ ।

७) कार्यालयमा भएको साधन, मेशिन, उपकरणहरुको समयमै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिईनेछ ।

८) नगरपालिका कार्यलयमा र वडा कार्यालयमा हुने बैठक सभा, भेलाहरुलाई मितव्ययिता र छरितो बनाईनेछ ।

९) कार्यालयको तर्फबाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययि र प्रभावकारी बनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न व्यवस्था मिलाईनेछ ।

१०) यस नगरपालिकामा भ्रष्टाचार शुन्य सहनशिलताको नीतिलाई अंगिकार गरिनेछ ।

११) नगरपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा वित्तिय जोखिम न्युनिकरण गर्नका लागि निर्माण तथा खरिद प्रक्रियाहरुलाई बढि प्रतिस्पर्धात्मक बनाउने विधुतीय टेण्डर (E–BIDING) लाई प्रयोगमा ल्याइनेछ ।

## सार्वजनिक सेवा एवं सुशासन प्रर्वद्धन

१) महिनामा एक पटक **'स्थानीय सरकार जनतासँग'** कार्यक्रमको व्यवस्था मिलाई प्रत्येक महिनाको १ गते वडा कार्यालयमा गई सम्बन्धित वडाध्यक्षको सहकार्यमा नगर प्रमुख सँग जनताको प्रत्यक्ष संवाद कार्यक्रम क्रमै सँग ९ वटै वडामा संचालन गरी जनताले आफ्नो पिर मार्का तथा गुनासो राख्ने व्यवस्था मिलाईनेछ ।

२) वडा कार्यालयहरुबाट प्रबाह हुने सेवामा सर्वसाधारण जनताको पहुँचमा बृद्धि गरि सेवा प्रवार्हलाई प्रभावकारी बनाउदै वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति लिईनेछ ।

३) सुशासन पारदर्शिता र जवाफ देहितामा अभिवृद्धि गराउन नगरपालिका लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरि **समाजिक परिक्षण** र सबै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परिक्षण र वडागत रुपमा **सार्वजनिक सुनुवाई कार्यक्रम** संचालन गरिनेछ ।

४) नगरपालिकाको अधिकारीक वेभसाईटलाई नियमित अपडेट गरि नागरीकलाई प्रबाह गर्ने सेवालाई सुचना प्रविधिमा अधारित बनाउन अभिप्रेरित गरिनेछ ।

५) नगरपालिकाका सबै वडाहरुमा **व्यक्तिगत घटना दर्ता गर्ने कार्य अनलाईन** मार्फत संचालन गरिनेछ । यसका लागि सबै वडा सचिवहरुलाई तालिमको व्यवस्था गरिएको छ ।

६) सुचना पहुच वृद्धि गर्न नगरपालिकामा जनप्रतिनिधी र कर्मचारीहरुलाई सुचना प्रविधि संग सम्बन्धित तालिम कार्यक्रम संचालन गरिनेछ ।

७) नगरपालिकामा एउटा **व्यवस्थित सुचना केन्द्रको** स्थापना गरि संचालन गरिनेछ ।

८) नगरपालिकाको संस्थागत विकास तथा सुशासन जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यक्तानुसार नियम विनियम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

९) सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग बढाउदै Paperless कार्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

१०) सेवाग्राही नागरीकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाईनेछ । साथै नगरपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित बनाईनेछ ।

११) नागरिक वडापत्रको प्रभावकारीता वृद्धि गर्न **श्रव्य दृश्य (Audio Visual Charter) प्रविधिमा आधारित नागरिक वडापत्र** तयार गरिनेछ । नागरिक वडापत्रलाई सबै तह, तप्का तथा वर्गको पहुचमा पुर्‍याउने तर्फ आवश्यक कार्य गरिनेछ । सेवाग्राहीको सहयोग र कार्यालयबाट प्रवाह गरिने सेवालाई व्यवस्थित बनाउन जनप्रतिनिधि रहेको Help Desk स्थापना गरिनेछ ।

१२) वडा सरकारको अवधारणा अनुसार नगरवासीका अधिकतम सेवा वडा कार्यालयबाटै उपलब्ध हुने व्यवस्था मिलाईएको छ । सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याईनेछ ।

१३) जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

१४) स्थानीयतहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१५) सेवा प्रबाहलाई प्रविधि मैत्री बनाईनेछ ।

१६) जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय र जनमैत्री बनाईनेछ ।

१७) परिवर्तित सन्दर्भमा संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग र कर्तव्य पालनाको लागि आवश्यक मानव श्रोतको वैज्ञानिक र तथ्यपरक विश्लेषण गरी संगठन अध्ययन गरि संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने नीति लिईनेछ ।

१८) कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ साथै कार्यक्षमता र श्रोतको अधारमा म्याद थप  गरिने नीति लिइनेछ ।

१९) आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकाशन गरी सुसूचित गर्ने नीति लिईनेछ ।
२०) कार्यालयको कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राहि प्रति सम्मानपुर्ण व्यवहार गर्न अभिप्रेरित गरिनेछ ।
२१) संघीय मामिला तथा सामान्य मन्त्रालयको प्रस्तावित संगठानिक संरचनाका आधारमा कर्मचारीको दरबन्दी स्वीकृत गरि सम्बन्धित निकायमा पदपुर्तिको लागि पहल गरिनेछ ।
२२) आर्थिक बर्षको अन्त्यमा नगरपालिकाबाट सम्पाद गरिएका सम्पुर्ण गतिविधिहरुलाई **वृत्तचित्र** बनाई प्रशासरण गर्ने गराउने व्यवस्था मिलाईनेछ ।

## सामाजिक विकास सम्बन्धी

१) हँसपुर नगरपालिकालाई भविष्यमा **मानवताको शहर** (**city with humanity**) बनाउनका लागि ,छुवाछुत मुक्त, पुर्ण साक्षारयुक्त, पुर्णखोपयुक्त, घरभित्रको धुवामुक्त, पुर्ण सरसफाई युक्त, जस्ता देहाय बमोजिमका कार्यक्रमहरुलाइ अभियानकारुपमा संचालन गरिनेछ ।

- बालमैत्री शहर, हँसपुरनगर
- वाताबरणमैत्री शहर, हँसपुरनगर
- लैङिकमैत्री शहर, हँसपुरनगर
- प्लाष्टिभ्कोलामुक्त शहर, हँसपुरनगर
- अपाङ्गमैत्री शहर, हँसपुरनगर
- महिलाहिंसामुक्त शहर, हँसपुरनगर
- समतामुलक शहर, हँसपुरनगर
- मुख्य मन्त्री बेटी बचाउ बेटी पढाउ अभियान
- मुख्य मन्त्री सरसफाई कार्यकार्यम

○

२) यस नगरक्षेत्रमा ODF कार्यक्रमलाइ अभियानका रुपमा संचालन गर्न वडा समितिलाई कियासिल बनाई खुला दिशामुक्त नगर घोषणालाइ व्यवस्थित गरिनेछ ।
३) महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
४) एकल तथा दलित महिलाहरुका हित प्रवर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।
५) महिला बालबालिका तथा अन्य लक्षीत वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकता राखी कार्यान्वयन गरिनेछ ।
६) सामाजिक कुरितीको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ ।
७) नगर क्षेत्रमा निर्माण पुर्वाधार महिला मैत्री, वालमैत्री तथा अपाङ्गमैत्री बनाउने नीति लिईनेछ ।
८) श्रमिक वाल वालिकाहरुको पुनस्थापना र समुदाय सचेतीकरण कार्यक्रम संचालन गरिनेछ । आश्रय आवश्यक पर्ने पीडित बालवालिकाहरुको लागि सुरक्षित आवासको व्यवस्था मिलाईनेछ । निकृष्ट

प्रकारका वालश्रमलाई निषेध गरिनेछ । आगामी ५ वर्षभित्र हँसपुरनगरलाई वालश्रममुक्त नगर बनाईनेछ ।

९) परिवारबाट विछोड भएका बेसहारा सडक मै जिवन बिताउने मानसिक सन्तुलन गुमाएका व्यक्तिहरुको उद्दार गरि परिवार संगको पुर्नमिलन गर्ने कार्यको थालनी गरिनेछ ।

१०) हँसपुर नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र नगरस्तरमा वालक्लब र वालसंजाल गठन पुनर्गठनलाई नियमित गरि क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

११) हँसपुर नगरपालिकालाई वालमैत्री नगर घोषणाको अवस्थामा पुर्‍याउन कार्यविधिले तोके बमोजिम कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१२) नवजात शिशु, वालवालिका गर्भवती तथा सूत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

१३) सामाजिक सुरक्षा भत्ताका लागि बैका खाता खोल्न लाभग्राहिहरु लाई खाता खोल्न लगाई बैंक मार्फत सुविधाजनक ढंगबाट भता वितरण गर्ने ब्यबस्था मिलाईनेछ ।

१४) समाजिक अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिईनेछ । ज्येष्ठ नागरिकहरुको अवस्था विशेषको आधारमा तथ्यांक व्यवस्थित गरिनेछ । ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन "ज्येष्ठ नागरिक: एक वडा एक मिलन केन्द्र" संचालन गरिनेछ । त्यसका लागि हाल सबै वडामा जेष्ठ नागरिकको संगठन निर्माण गर्ने र तथ्याकं निर्माण गर्ने कार्य संचालन गरिनेछ ।

१५) नगरपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ ।

१६) ग्रामिणक्षेत्रका लागि विभिन्न खालका आय आर्जनमा सहयोग पुग्ने सीपमूलक तालिम संचालन गरिनेछ । स्वरोजगार महिला उद्यमीहरुलाई विशेष प्रोत्साहन तथा सहयोग गरिनेछ ।

१७) औद्योगिक, आर्थिक, समाजिक विकासका लागि दक्ष जनशक्ति तयार गर्न विभिन्न सीपमुलक तालिम संचालनमा व्यवसायिक तालिम केन्द्रहरुसंगको सहकार्यलाई प्राथमिकता दिईनेछ ।

१८) अपाङ्गमैत्री शहर हँसपुर नगरपालिका बनाउनका लागि कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वय गरिनेछ । साथै अपाङताको प्रकृति अनुसारका सहयोगी सामानहरु बितरण गर्न रकम बिनियोजन गरिएकोछ ।

१९) हँसपुर नगरपालिकालाई हरेक किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्ब गरिनेछ ।

२०) छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक बनाउन समुदाय तहसम्म अर्न्तघुलन लगायतका कार्यक्रम संचालन गरिनेछ । जातीय भेदभाव , छुवाछुत सामाजिक अपराध भएकोले दण्डनीय बनाईनेछ ।

२१) यौनिक लैगिंक अल्पसंख्यकहरुको मुलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२२) युवावर्गहरुको क्षमता अभिवृर्द्धिका लागि विभिन्न अतिरिक्त क्रियाकलाप, व्यवसायिक तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२३) युवावर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ ।

२४) खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघसंस्थाहरुको साझेदारीमा मेयर कप आयोजना गरिनेछ ।

२५) विद्यालयहरुको नक्साकंन गरि राष्ट्रिय मापदण्ड अनूरुपको दुरी भित्र आधारभुत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन गरिनेछ । साथै विद्यालयहरुको पठनपाठ्न गुणस्तर ल्याउन विशेष ध्यान दिईनेछ ।

२६) सामुदायिक बिध्यालयमा शिक्षक बिध्यार्थीको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

२७) बिध्यालय जाने उमेर समूहका नगरका सम्पुर्ण बालबालिकालाई "**बिद्यालय भर्ना गराउ र टिकाउ**" अभियान संचालन गरि नगरबाट पुर्ण रुपमा निरक्षरता उन्मुलन गरिनेछ ।

२८) सामुदायिक विद्यालयलाई गरिने पुर्वाधार सहयोगमा अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री शौचालय निर्माणलाई प्राथमिकता दिईनेछ ।

२९) नगरक्षेत्र भित्र क्रियाशिल गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतिजामुलक बनाउन र प्रभावकारी परिचालन गर्न गै.स.सं. परिचालन नीति बनाईनेछ । गै.स.सं. समिति र डेक्स (NGO DESK) स्थापना गरिनेछ ।

३०) नगरक्षेत्रभित्र क्रियाशिल गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित र नतिजामुलक बनाउन गै.स.स. परिचालन सम्बन्धि नीति बनाई कार्यान्वयन गरिनेछ । साथै गै.स.सं.हरुका बीचमा समन्वय गर्न नगरस्तरीय गै.स.सं.समन्वय समिति गठन गरिनेछ ।

३१) नगरपालिका र विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्न अनिवार्य गरिनेछ । गैरसरकारी संघ संस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ । हँसपुर नगरपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गर्ने गै.स.सं.हरुका कार्यकम नगर विकास योजनामा अनिवार्य समावेश गराउन पहल गरिनेछ ।

३२) नगरमा क्रियाशिल व्यवसायिक संघ संस्थाहरुसंग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३३) स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण, विकास र प्रवर्द्धनमा प्रोत्साहन गर्ने नीति लिईनेछ

३४) भाषा साहित्य, कला र संस्कृतिको विकास, उन्नयन र प्रवर्द्धन गर्न सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्य गरिनेछ । श्रष्टा सम्मान र उपचार सहयोग कोषको स्थापना गरिनेछ ।

३५) नगरका शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिका विकासमा विशिष्ट योगदान पुर्‍याउने व्यक्तिहरुलाई सम्मान गर्ने नीति लिईनेछ ।

३६) नगरपालिकालाई सामाजिक रुपान्तरण गर्न सामाजिक परिचालनको कार्यक्रम संचालन गरिनेछ ।

३७) सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनिकरण कार्यक्रमलाई मुलप्रवाहीकरण गरिनेछ ।

३८) सामाजिक परिचालन मार्फत समाजमा सकारात्मक सोच अभिवृद्धिको कार्यक्रमलाई अगाडी बढाईनेछ ।

३९) स्वच्छ खानेपानीमा सम्पूर्ण नगरवासीको पहुच कायम गर्न ९ वटै वडाहरुमा खानेपानी सँग सम्बन्धित निकायमा पहल र साझेदारी गरी सम्भाव्य स्थानहरुको अध्ययन गरी डिपिआर तयार गरिनेछ ।

४०) नगर क्षेत्रका प्रतिभा तथा कलाकारहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने नीति लिईनेछ ।

४१) ग्रामिण क्षेत्रमा रहेका विपन्न, गर्भवति तथा सुत्केरी महिलाहरुको तत्कालै आपतकालिन उद्धार गर्न नगरपालिकाले २५ शैया भएको अस्पतालको लागि जग्गाको व्यवस्थापन गरी सो को स्थापनाका लागि स्वास्थ्य मन्त्रालयसंग साथै एम्बुलेन्स सेवाको पहल गर्नेछ ।

४२) नगर क्षेत्रभित्र रहेको आपाङ्ग व्यक्तिहरुको आत्मवल, सिप र क्षमता बढाउन विभिन्न विभिन्न किसिमका क्षमता अभिबृद्धि कार्यक्रमहरु संचालन गरिनेछ ।

४३) शिक्षा

- ➢ बिद्यालय बाहिर रहेको र बिचमा नै छोडनेको यर्थात कारण पता लगाई जनचेतना मूलक कार्यकम संचालन गरि त्यस्ता विद्यार्थीलाई विद्यालय भित्र ल्याउने कार्यकम संचालन गरिने छ ।
- ➢ छोरा छोरीलाई विद्यालय नपठाउने अभिवाकलाई सरकारी सेवाबाट बन्चित गरिने छ ।
- ➢ विद्यालयको भौतिक पूर्वाधार लगायत दरबन्दि मिलान गरिने छ ।
- ➢ शिक्षा प्राप्त यूवा यूवतिहरुलाई विद्यालयमा स्वयम सेवकको रुपमा खटाइने छ ।
- ➢ शिक्षाका लागि रोजगार कार्यकम संचालन गरिने छ ।

४४) जन स्वास्थ्य प्रबर्द्धन सम्बन्धी

१) हँसपुर नगरपलिकालाई स्वास्थ्य सेवा केन्द्रको रुपमा विकास गर्न हँसपुरमा रहेका सबै स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास र गुणस्तरीय सेवामा जोड दिईनेछ। निःशुल्क आधारभुत स्वस्थ्य सेवा सबै नागरिकको पहुचमा पुर्‍याउनेछ ।

२) महिला स्वास्थ्य स्वंमसेविका सेवालाई थप प्रभावकारी बनाउन संचालन व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ । स्वयंसेविका कोषहरुमा रहेका रकम बृद्धि गर्दै स्वयंसेविकाको हित प्रवर्द्धन परिचालन गर्न निर्देशिका बनाई कार्यान्वयन गरिनेछ । साथै स्वयम सेविकालाई मासिक रु.१००० (एक हजार) खाजा खर्च उपलब्ध गराईनेछ ।

३) नगरपालिकामा क्रियाशिल सबै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचयपत्र उपलब्ध गराईनेछ

४) स्वास्थ्य चौकीहरु र शहरी स्वास्थ्य केन्द्रहरुलाई स्रोत साधन सम्पन्न बनाउदै सेवा विस्तार गर्दै लगिनेछ । शहरी स्वास्थ्य केन्द्र संचालनार्थ हँसपुर नगरपालिका र समुदाय एवं अन्य सहयोगी संस्थाहरुको समन्वयमा Mutual fund स्थापना गरिनेछ । शहरी स्वास्थ्य केन्द्र स्थापना का लागि पहल गरिनेछ ।

५) बाल एवं मातृ मृत्युदर घटाउने, बालवालिका महिला एवं जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन गर्ने नीति लिईनेछ । यसै साल भित्र नगरलाई पूर्णखोपयुक्त नगर घोषणा लाइ व्यवस्थित गरिनेछ ।

६) नीजि स्वास्थ्य संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ। अवैध रुपमा संचालित स्वास्थ्य संस्थाहरु बन्द गराईनेछ ।

७) आम उपभोक्ताको हितलाई ध्यान दिदै खाद्य सुरक्षा र उपभोक्ता सचेतीकरण अभियान संचालन गरिनेछ। सरोकारवालाहरुको सहकार्यमा नियमित बजार अनुगमन गरि नियमन गरिनेछ ।

८) उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई दण्डित गर्ने नीति लिईनेछ ।

९) जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ ।

१०) स्वास्थ्य

- ➢ संघ र प्रदेश सरकारको सझादारीमा पालिका स्तरीय अस्पताल स्थापना गरिने छ ।
- ➢ कोरोना लगायत अन्य महामारी जन्य रोग रोकथाम नियत्रयण तथा बिपद ब्यवस्थापनका लागि ५० शैयाको सुविधा सम्पन्न क्वारेनटाइन निर्माण गरि संचालन गरिने छ ।
- ➢ कोरोना संकमित ब्यक्तिको सम्पूर्ण उपचार नि : शुल्क ब्यवस्थापन गरिने छ ।

- ➢ सर्ने तथा नसर्ने रोग सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ।
- ➢ गर्भवति,प्रसुति स्वास्थ्य संरक्षण हेतु गर्भणि प्रसुति आरोग्य कार्यक्रम संचालन गरिने छ ।
- ➢ सम्पूर्ण स्वास्थ्य संस्थाको भौतिकपुर्वाधार लगायत अन्य ब्यवस्थापन समेत गरिने छ।
- ➢ स्वास्थ्यकर्मिहरुलाई उच्च मुल्याकन गरि कोरोना बिशेष सुबिधा कार्यक्रम ल्याइने छ।
- ➢ स्वास्थय सेवा प्रवाह आम समुदायमा राम्रो दिने स्वास्थ्यकर्मिलाई समूहगत गरि उतिकृष्ट स्वास्थ्यकर्मिलाई सम्मान सहित पुरस्कृत गरिने छ।

## ११) **आयुर्वेद सेवा**

१. आयुर्वेद पद्दतिबाट कोरोना भाइरसको संक्रमण नियन्त्रण रोकथाम एवं रोग प्रतिरोधात्मक क्षमता अभिवृधि गर्ने कार्यक्रम संचालन गरिने छ /

२. आयुर्वेद औषधालयलाइ चिकत्सक सहितको सुविध सम्पन्न आयुर्वेद उचार केन्द्रको रुपमा बिस्तार गरिने छ/

३. प्रत्येक वार्डमा क्रमसः आयुर्वेद स्वास्थ्य सस्थाको स्थपना गरिने छ /

४. एक घर पाच योग र पाच जडिबुटी अभियान कार्यक्रम संचालन गरि प्रत्येक वार्डमा स्थानीय जडिबुटी उधान निर्माण गरिने छ /

५. प्रत्येक वार्डमा एक वार्ड एक योग प्रशिक्षक तयार गरि स्वाथ्य जीवन कार्यक्रम सँचालन गरिने छ तथा पालिका वा अन्य सहयोगमा टोल टोलमा निर्माण हुने सामुदायिक भवनमा योग हल सहितको संरचना निर्माण गरिने छ ।

६. प्रत्येक वार्डमा महिला स्वयम सेविकालाइ योग तथा जडिबुटीको तालिम दिई योग र जडिबुटीको शिक्षा प्रत्येक घर घरमा पुर्याइने छ ।

७. नगरपालिका भित्र पाइने स्थानीय जडिबुटीको पहिचान सहितको तथ्यांक सकलन गरि अभिलेखीकरण गरिनेछ ।

८. महत्वपूर्ण जडिबुटीहरुको खेति गर्न तथा बजार व्यवस्थापनको लागि कृषकहरुको सलगन्तामा बिशेष कार्यक्रम संचालन गरिने छ तथा कृषकहरु सहयोगमा साना जडिबुटी उद्योग संचालनमा ल्याउने नीति लिने छ /

९. आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धि क्लिनिक अनुगमन निरिक्षण गर्ने कार्यक्रम ल्यई व्यवस्थापन गरिने छ, स्वास्थ्य सस्था तथा जडिबुटी बिक्री वितरनलाई कडाईको साथ सचालन गर्ने छ।

१०. युवालाई नसालु पदार्थ सेवनको लत हटाउने आयुर्वेदीय जीवनशैली यापन गर्ने तरिका सिकाई नसालु मुक्त युवा अभियान संचालन गरिने छ ।

११. जेष्ठ नागरिकको सलग्नतामा परम्परागत चिकित्सा विधिको अभिलेखिकरन गरि पुस्तक प्रकाशन गरिने छ तथा आयुर्वेद पद्दति बाट जेष्ठ नागरिक आरोग्य कार्यक्रम संचालन गरिने छ ।

१२. पालिका भित्र रहेका परम्परागत धामी झाक्री बौदागी आदिको तथ्यांक संकल गरि अभिलेखीकरण गरिने छ ।

१३. प्रत्येक विद्यालयमा जडिबुटी बगैचा कार्यक्रम संचालन गरि आयुर्वेद र योग कार्यक्रम नियमित संचालन गरिने छ ।

१४. गर्भवत/प्रस्सुती महिलाको स्वस्थ्य परिक्षण हेतु आयुर्वेद अनुसार बिशेष कार्यक्रम सँचालन गरिने छ ।

१५.श्रम तथा रोजगार कार्यक्रम

- श्रमिकको समस्या पहिचान गरि उचित ब्यवस्थापन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिने छ ।
  - श्रमिकमा आधारित कार्यक्रम गर्ने नीति लिइने छ ।

२०७७।०३।१० गते

रामज्ञान मंडल
नगर प्रमुख